हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY

वर्ष : ०१ अंक : १२६ पृष्ठ : ४ २०७७ मंसिर २१ गते आइतबार (Sunday 06 December 2020) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

मो. ९८०५९६१००६
जे.डी.
स्टेशनरी एण्ड स्पोर्टस सेन्टर
लहान-६

यहाँ पुस्तक, स्टेशनरी, स्पोर्टका समानहरू अर्डर अनुसार पाईन्छ ।

## बालविवाह कहिलेसम्म ?

**घट्ना १ :** धनगढीमाई नगरपालिका-१३ कि १४ वर्षीया बालिका सविताको दुई वर्षअघि माघ ११ गते हुन लागेको बालविवाह इलाका प्रहरी कार्यालय लहानको सक्रियतामा रोकिएको थियो । सविताको विवाह सुखीपुर नगरपालिका-८ का जितेन्द्रसँग विवाह तय गरिएको थियो ।

**घट्ना २ :** सिरहा नगरपालिका-१० कि १६ वर्षीया तारा कुमारी महराको हुन लागेको बालविवाह रोकिएको थियो ।

**घट्ना ३ :** लहान नगरपालिका-२४ कि १४ वर्षीया सिया कुमारी बैशाख १६ गते हुन लागेको बालविवाह रोकिएको थियो ।

अधिकारकर्मी र प्रहरीको सक्रियतामा बालविवाह रोकिएपनि तराईका जिल्ला बालविवाह क्रम अझ बढ्दो छ । मधेसमा अझ दलित डोम समुदायमा बालविवाह प्रचलन अझै कायम छ । तराई मधेसको समाजमा छोरीका लागि पर्याप्त दाईजो दिनुपर्ने 'बाध्यता' भएकाले पनि अभिभावकले किशोरी उमेरमा नै विवाह गरिदिन पुग्छन् । छोरी जति नै पढेपनि दाईजो पर्याप्त मात्रामा लिनु दिनुपर्छ भन्ने मान्यता र दाईजो नदिएमा छोरीले यातना, हिंसा भोग्नुपर्ला भन्ने मानसिकताले पनि बालविवाहले बढावा पाएको अधिकारकर्मीहरूको भनाइ छ ।

प्रहरी तथ्यांकले पनि तराईका जिल्ला बालविवाह क्रम बढेको देखाउँछ । २ नम्बर प्रदेश प्रहरी कार्यालय जनकपुरको तथ्यांक अनुसार आर्थिक वर्ष २०७३/०७४ मा तराईका जिल्ला सिरहामा १, महोत्तरीमा ३, बारा, रौतहट र धनुषामा १/१ बालविवाहका घट्ना भए । त्यसैगरी आव २०७४/७५ मा पर्सा ४, सप्तरी २ महोत्तरी, धनुषा र सिरहामा १/१ गरी जम्मा ७ बालविवाह भए । यो क्रम बढेर आव २०७५/७६ मा ती जिल्लामा २७ बालविवाह घटना भए । जसमध्ये सबैभन्दा बढी सिरहामा १०, धनुषा ६, महोत्तरी ४, बारा, सप्तरी २/२, पर्सा, रौतहट, सर्लाहीमा १/१ बालविवाह घटना भए ।

२ नम्बर प्रदेश प्रहरी कार्यालय कार्यालयको तथ्यांकले पनि बालविवाह हुने क्रम बढेको देखाउँछ । पहिला केटीको उमेर १८ वर्षमा विवाह गर्न सकिन्थ्यो, तर अहिले नयाू ऐनले २० वर्ष तोकेको छ । तरपनिपुरानै सोचाइका कारणपनि बालविवाह बढेको अधिकारकर्मीहरूको निष्कर्ष छ । केही बालविवाहलाई रोक्न प्रहरी प्रशासन तथा सामाजिक संघ संस्थाहरूले अभियाननै चलाइरहेतापनि यसलाई नियन्त्रण गर्न नसकिएको र यसका लागि अभिभावक र युवा आफै बालविवाह विरूद्ध सजक र प्रतिवद्ध हुन जरूरी रहेको प्रहरी अधिकारीहरूको भनाइ छ ।

**बालविवाह विरूद्ध जातीय माइन्जन र पुरोहित**

शारीरिक एवं मानसिक रूपमा समेत सबल नभएसम्म विवाह गरिदिन हतारो गर्नुहुन्न र कानुनीरूपमा पनि दण्डनीय भएको भन्दै सिरहाका जातीय माइन्जन र पण्डित (पुरोहित) हरू बालविवाह विरूद्धको अभियानमा सक्रिय भएका छन् ।

जातीय माइन्जन र पुरोहितहरू एकैथलोमा भेला भएर यो अभियानको सुरूवात गरेका हुन । जिल्लाको धनगढीमाई र लहान नगरपालिकाका जातीय माइन्जन र पुरोहितहरू भेला भई थारू समुदायका माइन्जन दुर्गा प्रसाद चौधरीको संयोजकत्वमा २१ सदस्यीय बालविवाह तथा दाईजो विरूद्ध जातीय माईन्जन र पुरोहित निगरानी समिति गठन गरी अभियानमा सक्रिय भएका थिए ।

उनीहरूले बालविवाह तथा दहेज कुप्रथा अन्त्य गर्नका लागि सामुहिक रूपमा लिखित प्रतिबद्धता जनाउूदै १६ बूदे घोषणा पत्र जारी गरेका थिए । उनीहरूले कानुनले किटान गरेको २० वर्ष उमेर नपुगेका केटाकेटीको विवाहमा कुनै पनि पण्डित, पुरेहितले पुरेत्याई नगर्ने र माइन्जनहरूले भोज भतेरका लागि निम्तो बहिष्कार गर्ने घोषणा गरेका थिए । उनीहरूले भेला भएर आफ्ना जातीय समुदायका अभिभावकलाई बालविवाह कानुनीरूपमा दण्डनीय हुने र शारिरीक, मानसिक रूपमा दुर्बल हुने अभियान चलाउने प्रतिबद्धता समेत जनाएका थिए ।

विवाहमा पुरेहितले विवाह कर्म चलाउूछन भने जातीय माइन्जनले भोज भतेर र निमन्त्रणा लगायत विवाह बटुलको मूख्य जिम्मेबारी बहन गर्छन । जातीय माइन्जनले नै कति जना भोज खुवाउने र दहेज (दाइजो) लेनदेनमा मूख्य भूमिका त्यस जातीय सभा र भोजमा निर्वाह गर्छन ।

प्रतिबद्धता पत्रमा हस्ताक्षर गरी अभियानमा सक्रिय भएका लहान नगरपालिका-२४ का पण्डित राजेन्द्र झाले आफ्नो उमेरभरी धेरै बालबालिकाको विवाह कर्म चलाएपनि त्यो गलत गरेको स्वीकार्दै अब २० वर्ष नपुगी विवाह गर्नु हुन्न

———— बाँकी ३ पेजमा

## कोरोना संक्रमणबाट एकको मृत्यु

**लहान ।** कोरोना संक्रमणबाट सिरहामा थप एक जनाको मृत्यु भएको छ । विराटनगरस्थित नोबेल अस्पतालमा उपचारका क्रममा मिर्चैया नगरपालिका-१ का ७५ वर्षीय पुरूषको मृत्यु भएको हो ।

स्वास्थ्य कार्यालय सिरहाका प्रमुख कृष्णदेव यादवका अनुसार ज्वरो र श्वास फेर्न समस्या भएपछि उपचारका लागि विराटनगरस्थित नोबेल अस्पताल लगिएकामा उनको सोही अस्पतालमा पीसीआर परीक्षण गर्दा गत बिहीबार कोरोना संक्रमण पुष्टि भएको थियो ।

संक्रमण भएपछि उपचार हुँदाहुँदै शुक्रबार राति मृत्यु भएको हो । योसँगै जिल्लामा कोरोनाबाट मृत्यु हुनेको संख्या २४ पुगेको छ ।









फ्रेन्डस मोडेल हस्पिटल, लहान-४
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)
हाम्रो सेवाहरू
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा
डाक्टरहरू
बालरोग विशेषज्ञ डा. बृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# सम्पादकीय

## मानव स्वास्थ्यमाथि खेलबाड नगरौं

**नाफा कमाउने उद्धेश्यले जिल्लामा च्याउसरी खुलेका निजी अस्पतालहरू दिनदिनै विवादमा मुछिन थालेका छन् । यहाँका अस्पतालको लापरवाहीले साधारण उपचार गर्न आएकाहरूको ज्यान जाँदासमेत सम्बन्धित निकायले यसप्रति खासै चासो दिएको पाइदैन ।**

**सिरहा नगरपालिका–२ की नितु रायकी नवजात शिशुको शल्यक्रिया भएको केही समयमै मृत्यु भयो । डा.राकेश सिंह नेतृत्वको टोलीले चेकजाँच गरेर शल्यक्रिया गर्ने भनिएपनि ढिलाई गरेपछि शिशुको मृत्यु भएको परिवारजनको आरोप छ । यता डा अखिलेश चौधरीले शुक्रवार विहान चेकजाँचमा पुग्दा बच्चाको नाभी च्यापिएपछि शल्यक्रिया गरेका थिए । शल्यक्रिया सफल भएपनि बच्चाको मृत्यु भयो । नितुका पति उपेन्द्र रायले राती नै शल्यक्रिया गर्न स्वीकृति दिएपनि ढिलाई गरी लापरबाही गरेकोले बच्चाको मृत्यु भएको बताएका छन् । लापरबाही गर्ने चिकित्सकलाई कारबाही गरिनुपर्ने पीडित पक्षको माग छ । यस घटना सम्बन्धमा जिल्ला प्रशासन कार्यालयले चासो व्यक्त गर्दै आईतबार दुवैपक्षसँग छलफल गरी छानबीन समिति बनाउने सहमति भएको छ ।**

**सरकारी जिल्ला अस्पताल मात्र होइन जिल्लाका निजी अस्पतालमा समेत चिकित्सकको लापरबाहीले बिरामी मृत्यु घटना भएका छन् । लहानको डिभाईन केयर अस्पतालको लापरबाहीले उपचाररत एक महिलाको अकालमा ज्यान गयो । प्रसूति गराउन अस्पताल लगिएकी सुखीपुर नगरपालिका–९ बैसाखाकी २७ वर्षीया आरती साहको शल्यक्रियाका क्रममा मृत्यु भएको थियो । घटनापछि चिकित्सकहरुको लापरवाहीले भएको भन्दै आफन्तहरु विरोध प्रदर्शनमा नै उत्रिए । लापरबाही गर्ने चिकित्सकमाथि कारबाही गर्नुपर्ने माग उठ्यो । उपचारमा संलग्न चिकित्सक फरार रहे ।**

**जिल्लामा खुलेका सबै जसो निजी अस्पतालले स्वस्थ्य उपचारका नाममा लापरबाही गर्ने गरेको विगतका धेरै घट्नाले पनि पुष्टि गरेको छ । तर, सम्बन्धित निकायले न त छानबिन गरेको छ, न त कसैलाई कारबाही नै गरेको छ । नियमनकारी निकायले यसअघि सिरहाको लहानस्थित दुई स्वास्थ्य प्रतिष्ठानमा प्रशासनले तालाबन्दी गरेको थियो । अन्य पाँच पोलिक्लिनिकमा समेत तालाबन्दी गरिएको थियो । तर, यस बिषयमा न छानबिन भयो, न त कारबाही नै भयो ।**

**पोलिक्लिनिकले ई समूहको प्रयोगशाला, एमसीएच सेवा, इसीजी सेवा, एक्स रे, परिवार नियोजन र बहिरंग सेवा अनिवार्य रुपमा चलाउनु पर्ने प्रावधान रहेको छ । तर, जिल्लाका अधिकांश पोलिक्लिनिकमा यी सुविधा छैनन् । सिरहामा ६५ पोलिक्लिनिक दर्ता छ । तर अधिकांशको नविकरण भएका छैनन । तसर्थ नियमनकारी निकायले यसतर्फ ध्यान दिन जरुरी छ । र मानव स्वास्थ्यमाथिको खेलबाड गर्ने संस्थाहरुमाथि कारबाही प्रक्रिया बढाउन जरुरी छ ।**

# शासनको विकास क्रम : राष्ट्र निर्माणमा स्थानीय सरकारको भूमिका

**पालिका बहस**

**डा. माधव अधिकारी**



नेपालमा शासनको परम्परा प्राचीन कालदेखि नै सुरू हुन्छ । विभिन्न कालखण्डमा गरिएका प्रयोगहरु बेग्लै बेग्लै शैलीका भए पनि महत्त्वपूर्ण मानिन्छन् । किरातकालीन प्राचीन नेपालको शासन पद्धतिमा राज्यलाई अनेक थुममा विभाजन गरिएको थियो । प्रत्येक थुममा जनताले चुनेका पाँच जना पञ्च रहन्थे । थुम भन्दा मुनी गाउँ रहन्थे । प्रत्येक गाउँमा त्यहाँका बासिन्दाले विचारी, मुखिया चुन्दथे । यस कालको थुम अनेक जिल्लामा विभाजन गरिएको थियो भने विभिन्न थुम अन्तर्गत ग्रामहरु रहने व्यवस्था थियो । इतिहास पुरातत्त्वबाट पुष्टि भए अनुसार स्थानीय स्वशासन सञ्चालन गर्न शान्ति सुव्यवस्था कायम गर्ने झैँ–झगडाहरु निराकरण गर्ने, अपराधीलाई दण्ड दिने, कर उठाउने, कुलो, नहर र बजारको व्यवस्था गर्ने गर्दथे । किराँतहरुले व्यवस्थित शासन व्यवस्था मात्र होइन स्थानीय स्वशासनका परम्पराको समेत विकास गरेका थिए ।

सुशासन विना स्थानीय प्रजातन्त्रको विकास र जगेर्ना हुन सक्तैन जबकि स्थानीय प्रजातन्त्रको विकासले स्थानीय सुशासनलाई बल पु¥याउँछ । प्रजातन्त्र नै जनताको प्रशासन मात्र नभएर सुशासन पनि हो । तर शासनलाई सुशासनमा परिणत गर्नका निम्ति उचित र उपयुक्त साधन, स्रोत तथा वातावरणको आवश्यकता पर्दछ । यो काम राष्ट्रिय सरकारले गर्ने काम हो । आजको विश्वमा राष्ट्रिय प्रजातन्त्रको सिमाना नाघिसकेको छ । अब बहुराष्ट्रिय प्रजातन्त्रको प्रादुर्भाव भइसकेको । जसको ज्वलन्त प्रमाण पश्चिम युरोपेली व्यवस्थालाई लिन सकिन्छ जहाँ राष्ट्र–राष्ट्रको प्रजातन्त्र मिसिन गएका छन् ।

राजा मानदेवको पालादेखि (४६४–५०० ई) लिच्छविकालको स्पष्ट जानकारी पाइन्छ । लिच्छवी शासनकालको प्रशासन व्यवस्था सोझै केन्द्रबाट शासन गरिने देश र केन्द्रको अधीनमा रही सामन्तहरूद्धारा शासन गरिने देश गरी दुई खण्डमा विभाजित थियो । जिल्लालाई विषय भनिन्थ्यो र स्थानीय प्रशासनलाई चलाउने विषयपति हुन्थे । यसरी केन्द्र सामन्त र विषय एकातिर थिए भने ग्राम, तल र द्रङ स्थानीय तहमा थिए । जसमध्ये ग्रामपञ्चालीको व्यवस्था स्थानीय तहमा थियो । ग्राम पञ्चालीको सदस्य स्थानीय पाँच बुढापाकाले स्थानीय विवाद समाधान गर्ने, कर उठाउने, चोरी, डकैती, हत्या, व्यभिचार र विवाह विच्छेद जस्ता पञ्चपराध हेर्दथे । लिच्छविहरु पछि मध्यकालमा प्रायः मल्ल राजाहरूले शासन गरे यस बेला केन्द्र र स्थानीय शासन थियो, लिच्छविहरूको शैली अपनाई विषय (जिल्ला) लाई थुम, बस्ती, ग्राम तथा टोल, उमरा, आदिले स्थानीय प्रशासन चलाउँदथे । मध्यकाल उल्लेखनीय नभए पनि पञ्चायत, पञ्चाली र पछि पञ्चसमूच्यय, पञ्च जस्ता संस्थाले स्थानीय तहमा लोकप्रियता लिएको पाइन्छ ।

पृथ्वीनारायण शाहबाट विभिन्न बाइसे–चौबिसे स–साना राज्यहरूलाई मिलाई एउटा विशाल मुलुकको रूप दिने काम भएको थियो । यसलाई राजनीतिक एकीकरण मात्र मनन उपयुक्त हुन्छ । पृथ्वीनारायण शाहले आफ्ना भारदारहरूलाई दिएको दिव्य उपदेशमा नेपाल चार जात छत्तिस वर्णको फूलबारी भनेका थिए । यस दिव्य उपदेशबाट नै थाह लाग्दछ की उनको कसैप्रति भेदभाव थिएन, सबैलाई समान अवसर दिनु र समान व्यवहार गर्नु उनको प्रमुख नीति थियो । तर वि.सं. १९१० मा राणा प्रधानमन्त्री जङ्गबहादुरले मुलुकी ऐन लागु गराई नेपाली जनतालाई ठुला र साना, छुत र अछुत, तागाधारी र मतवालीमा विभाजित गरे । तत्पश्चात् धर्म, लिङ्ग, जात, जाति आदिका आधारमा नेपाली जनता आपसमा विभक्त भई नेपाली समाजमा असमानता र वैमनस्य कायम भयो । यस कालमा शक्ति विकेन्द्रीकरण ठिक उल्टो राजालाई समेत निष्क्रिय र अधिकार विहीन बनाई शक्ति केन्द्रीकरण गरिएको थियो जहाँ सुशासनको कल्पना समेत गर्न सकिँदैनथ्यो । नेपालमा स्थानीय सरकारको स्थापना जे जस्तो भए पनि राणाकालदेखि नै प्रयास भएको पाइन्छ । सन् १९२६ को विधान अनुसार मान्यजन कचहरीको स्थापना र २००४ सालको वैधानिक कानुनले स्थापित गर्ने प्रयास पञ्चायती इकार्यहरू यसका उदाहरणहरु हुन् । नेपालमा सुशासनको जग निर्माण गर्नु र कार्यान्वयन गर्ने स्थानीय निकायमा सुशासन कायम गर्न सक्नु पर्दछ । मानवीय बसोबासको प्रथम आयामको रूपमा ग्रामीण क्षेत्रलाई मानिन्छ, जहाँ मानिका गतिविधिहरु सामाजिक क्रियाकलापसँग सम्बन्धित हुन्छन् । ग्रामीण क्षेत्र त्यस्तो भौगोलिक इकाई हो जो अवसरमा पहुँचको दृष्टिकोणले इतिहासदेखि हालसम्म प्रताडित रहेको छ । सुशासनको प्रत्याभूति र सामाजिक न्यायको व्यवस्था स्थानीय लोकतन्त्रमा हुन सक्दछ । गाउँघरका सानातिना समस्या सुल्झाउन स्थानीय निकायहरुलाई सीमित अधिकार दिइएको भए तापनि यस कालमा पारिवारिक शासन भएकाले अन्य सुधार र देश विकासमा काम हुन सकेनन् ।

२००७ सालमा प्रजातन्त्र स्थापना भएपछि पनि शासनलाई बलियो बनाउने काम लामो समय हुन सकेन । २०१९ सालमा नेपालको संविधान घोषणा गरे पश्चात् पञ्चायती व्यवस्था स्थापना गरियो । तर जनहितमा कार्य हुन सकेन । २०४६ सालको जनआन्दोलनले बहुदलीय व्यवस्थाको पुनर्स्थापना गरे पछि तीन पटक आम निर्वाचन भयो तर पटक पटक सरकार परिवर्तन भए । सोचेअनुसार देशमा सुशासन कायम हुन सकेन, जनता अधिकार सम्मन्न हुन नपाएको भनी २०६२/०६३ सालको जनआन्दोलन भयो । उक्त लोकतान्त्रिक जनआन्दोलन पश्चात् नेपालमा २०६४ साल चैत्र २८ गते संविधानसभा निर्वाचन भयो । सो संविधानसभा २ वर्ष भित्र नेपालको संविधान बनाउने भनिएता पनि पटक पटक म्याद थप्दै २०६९ जेठ १४ गते संविधान बनाउन नसकी भङ्ग भएको थियो । दोस्रो संविधान सभाको सदस्यहरूको निर्वाचन वि.सं. २०७० मङ्सिर ४ गते सम्पन्न भयो । र अन्ततः २०७२ असोज ३ गते यसै संविधान सभाबाट नेपालको संविधान २०७२ जारी भयो ।

नेपालको संविधानले स्वायत्तता र स्वशासनको अधिकारलाई प्रस्तावना मै आत्मसात् गरेको छ । संविधानको धारा ५६ ले लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र नेपालको राज्य शक्तिको प्रयोग तिन वटै तहले गर्ने व्यवस्था गरेको छ । यी तीन वटै तह बिचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित रहने परिकल्पनाका साथ संविधानले संघ, प्रदेश र स्थानीय तहका एकल अधिकारहरुको व्यवस्था गरेको पाइन्छ । नेपालको संविधानले सक्षम, स्वायत्त र जिम्मेवारी वहन गर्न सक्ने समावेशी स्थानीय तहको परिकल्पना गरेको छ । राज्य सञ्चालन विभिन्न तह र निकाय बीच काम र अधिकारको दोहोरोपनको अन्त्य गरी नागरिकलाई प्रवाह गर्ने सेवाको प्रभावकारी व्यवस्थापन गर्न संविधानले स्थानीय तहको अधिकारको कार्यसूची व्यवस्था गरे

————बाँकी ४ पेजमा

## आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- आज अधूरा र रोकिएको काम दोहोर्याएर गर्दा फाइदा हुन सक्नेछ । जीवनसाथीको सल्लाहमा गरिएको कार्यबाट अधिक सफलता मिल्नेछ ।

**वृष** :- महत्वपूर्ण कार्यमा व्यवधान आइपर्ला । माया प्रेममा धोका हुँन सक्छ भने एकोहोरो माया प्रेमले सताउनेछ । आर्थिक कारोवारमा बिवाद पनि आउला ।

**मिथुन**:- आज मन अध्यात्म र दर्शनतर्फ आकर्षित बन्नेछ । पेसा र व्यवसायबाट लाभ हुनेछ । कसैकसैका लागि सन्तान प्राप्ति र प्रसन्नता छाउनेछ ।

**कर्कट** :- अध्ययन–अध्यापनको क्षेत्रमा प्रगतिको खबर सुन्न पाउनु हुनेछ । महिला वा मित्रबाट विशेष सहयोग मिल्ला । परिवारका सदस्यहरूसङ्ग भेटघाट हुनेछ ।

**सिंह**:- विद्या र बुद्धिको विकास हुनेछ । पारिवारिक भेटघाटमा रमाइनेछ । धनार्जनका नयाँ स्रोतहरु पत्ता लाग्नेछन् । माया प्रेममा आत्मियताको बढोत्तरी हुनेछ ।

**कन्या** :- आज मनमा हर्ष,उमङ्ग र उत्साह छाउनेछ । आदर्श ब्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभब मिल्नेछ । रमणीय, सुखद् र धार्मिक यात्राको योगछ ।

**तुला** :- यात्रामा मालसामान हराउन सक्छ । कार्य सम्पादनमा समस्या आउला । साँझमा पैसा खर्च हुने योग छ । चोटपटकको भयछ सचेत रहनुहोला ।

**वृश्चिक** :- आज सामाजिक सेवा गर्ने अवसरले मान–प्रतिष्ठा बढाउनेछ । कार्य सम्पादनमा सहजता मिल्नेछ । व्यापार व्यवसायमा सफलता मिल्नेछ ।

**धनु** :- आज एउटै कामबाट दोहोरो लाभ मिल्नेछ बन्धु–बान्धवबाट सहयोग मिल्नेछ । मनमा हर्ष,उमङ्ग र उत्साह रहला । रमाइलो यात्राको योग रहेको छ ।

**मकर**:- मनमा उत्पन्न शंका तथा डरका कारण बनिसकेको काममा दुविधा उत्पन्न हुन सक्छ । भोजभतेरमा सामेल हुँदा स्वास्थ्यको ख्याल गर्नुहोला ।

**कुम्भ**:- सन्तान तथा परिवारमा मेलमिलाप हुनेछ । आर्थिक कारोवारमा मन्दी आउनेछ । मनमा दुविधा उत्पन्न होला । सौन्दर्यतामा धन खर्च हुनेछ ।

**मिन** :- आज परीक्षा आदि प्रतिस्पर्धामा उर्तिण हुनसकिनेछ । घर परिवारका सदस्यहरूबाट सहयोग पाईनेछ । रमणीय र सुखद यात्राको योग छ ।

# कोभिड–१९ विरुद्धको खोप ल्याइने




सरकारले कोभिड–१९ विरूद्धको खोप २० प्रतिशत नागरिकलाई पुग्नेगरी ल्याउने भएको छ । विभिन्न देशमा अन्तिम परीक्षण भइरहेको खोप कूल जनसंख्या २० प्रतिशतलाई पुग्नेगरी ल्याउने तयारी गरिएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले खोप ल्याउनदेखि लगाउनेसम्मको तयारीका लागि विभिन्न ८ उपसमिति समेत बनाएको छ । मन्त्रालयले विश्व स्वास्थ्य संगठन 'गाभी र सेपी' नामक तीन संगठनको 'कोभ्याक्स सुविधा' नामक सयन्त्र अन्तर्गत सहुलितय दरमा २० प्रतिशत जनसंख्यालाई पुग्ने खोप ल्याउन थालेको बालबालिका तथा खोप सेवा शाखाका प्रमुख डा झलक शर्मा गौतमले जानकारी दिए ।

उनले अझै खोप परीक्षणकै क्रममा रहेकाले कुन खोप ल्याउने भन्ने निश्चित भइनसकेको बताए । उनले सुरूमा २० प्रतिशत जनतालाई खोप ल्याएपछि बिस्तारै सबैलाई पुग्नेगरी खोप ल्याइने जानकारी दिए ।

कोभ्याक्सअन्तर्गत आउने खोप नेपाललाई निःशुल्क प्रदान हुनेछ । गरिब तथा कम आय भएका मुलुकलाई कोभ्याक्स सुविधाअन्तर्गत खोप निःशुल्क प्रदान गरिनेछ ।

'खोप अझै तेस्रो चरणको परीक्षणमा रहेकाले कुन खोप ल्याउने भन्ने निश्चित छैन', उनले भने, 'खोपको अन्तिम परीक्षण सफल भएपछि खोप ल्याइनेछ ।'

प्रमुख डा. शर्मा गौतमका अनुसार फाइजर एण्ड वायोएनटेक कम्पनी (रसिया), मोडेर्ना (अमेरिका), ग्यामेलिया (रसिया) र अक्सफोर्ड एक्ट्राजेनिका (बेलायत) कम्पनीका खोप अहिले परीक्षणकाक्रममा रहेकाले तिनीहरूमध्ये एउटा कम्पनीको खोप स्वदेशमा ल्याइनेछ । खोप उत्पादन गर्ने मुलुकमा दर्ता भइसकेपछि डब्लुएचओमा दर्ता र त्यसपछि नेपालको औषधि व्यवस्था विभागमा खोप दर्ता हुनेछ ।

स्वास्थ्य सेवा विभागका महानिर्देशक डा. दीपेन्द्ररमण सिंहको संयोजकत्वमा खोप सचिवालय, तथा मन्त्रालयको प्रमुख विशेषज्ञ डा गुणराज लोहनीको संयोजकत्वमा खोप कोष सचिवालय गठन गरेको छ ।

मन्त्रालयका सहप्रवक्ता डा. समीरकुमार अधिकारीले सरकारले खोप ल्याउने तयारीका साथ काम गरिरहेको जानकारी दिए । उनका अनुसार खोपका लागि आवश्यक रकम, खोप ल्याइसकेपछि भण्डारण, खोप शुरूमा कसकसलाई दिने, खोप कसरी दिने भन्ने स्वास्थ्यकर्मीलाई तालिम जस्ता काम भइरहेको छन् ।

उनले खोप ल्याउनेका लागि विभिन्न कूटनीतिक नियोगसँग पनि छलफल भइरहेको जानकारी दिए । 'खोपको अन्तिम परीक्षण पछि हामी नेपालमा खोप ल्याउनेगरी तयारी गरिहेका छौं', उनले भने, 'खोप अन्तिम परीक्षण सफल भयो भने नेपालमा पनि खोप आउँछ ।' विश्वमा उत्पादन भएका खोप अहिले तेस्रो चरणमा रहेका छन् । ती खोपको अन्तिम परीक्षण हुन बाँकी नै रहेको छ । नेपालमा शुरूमा खोप दीर्घरोगी वृद्धवृद्धा, स्वास्थ्यकर्मी, अग्रपंक्तिमा काम गर्ने कर्मचारीलाई उपलब्ध गराइनेछ ।

नेपालमा अहिलेसम्म २ लाख ३८ हजार ८६१ जनामा कोरोना संक्रमण देखिएको छ । यस्तै २ लाख २१ हजार ८४७ निको भएका र १ हजार ५६७ को निधन भइसकेको मन्त्रालयले जनाएको छ । **रासस**

## बालविवाह...

भन्ने अभियानमा सक्रिय भएर बुद्‍यौलीमा लागीपर्ने सुनाए । राजेन्द्रका बाजे मनु झा र बुवा बहुरी पुरोहित गर्थे । उनीहरूको शेषपछि बाल्यकालदेखि उनीपनि पुरेहित्याई कर्ममा लागेका हुन । मुलुकी देवानी (संहिता) ऐन, २०७४ ले केटा केटीको विवाह गर्ने उमेर २० वर्ष तोकेको छ । २० वर्ष नपुगी विवाह गरेमा कसुर गर्ने व्यक्तिलाई तिन वर्षसम्म कैद र ३० हजार रूपैयासम्म जरिवाना हुने व्यवस्था गरेको छ । सोही ऐनले मन्जुरी विना विवाह गर्न नहुने भन्ने प्रावधान गरेको छ । यदि कसैले गरे वा गराएमा विवाह स्वत : बदर हुने र त्यस्तो विवाह गर्ने र गराउनेलाई दुई वर्ष कैद र २० हजार जरिवाना तोकिएको छ ।

'पहिला पनि मुलुकी ऐन थियो बुवा बहुरीले भन्नुहुन्थ्यो, त्यतिखेर विवाहका लागि कन्याको न्युनतम उमेर ५ वर्ष र २०२० को मुलुकी ऐनमा विवाह गर्न स्त्रीको १४ र पुरूषको १८ वर्षको उमेर तोकिएको थियो' पुरेहित राजेन्द्रले भने 'तर, अहिले कानुनले विवाह उमेर २० वर्ष उमेर तोकिसकेको हेक्का भएन, माइन्जन र पण्डित भेलामा जानकारी भएपछि अब बालविवाह रोक्न लागि परेको छु ।'

उनले पुरोहितहरूमा पनि पुरानै मानसिकताका कारण बालविवाह रोकिन नसकेको र पण्डितले कर्म नचलाएपछि स्वत : विवाह रोकिने भएकाले अभियानमा सक्रिय भएको सुनाए । ६५ बसन्त पार गरेका दु:खी राम दलित चमार समुदायका पुरोहित हुन । चमार समुदायको जन्मदेखि विवाह, अष्टजाम, पञ्चदान, घरबास लगायत पुजा संस्कार कर्म उनैले चलाउूछन् । सिरहा गणेशपुरका उनले एक गाउँमात्रै होइन चमार समुदायको बसोबास रहेको सीमावर्ती क्षेत्र नरगी, बडहरी, मौवाही, पत्थरगाढादेखि जिल्लाको उत्तरवर्ती मलहनवा, सीमलटोकी लगायत २२ गाउूमा उनी पुरेत्याइँ गर्छन । उनको अगुवाई नभएसम्म ती गाउँका राम (चमार) समुदायको संस्कार कर्म चल्दैन ।

मामा मंगल दासबाट ज्योतिष र पुरोहित ज्ञान आर्जन गरेका दु:खीले ४० वर्ष पुरेत्याइूका क्रममा सयौं जोडिको विवाह कर्म चलाइसकेका छन् । तर उनले भेलामा पहिलो पटक बालविवाह गर्नुहुन्न भन्ने जानकारी पाए । '४० वर्षसम्म पुरेत्याइू गरेहोला, पहिला केटाकेटीको उमेर २० वर्ष पुग्नुपर्छ भन्ने थिएन' पण्डित दु:खीले भने 'हुर्केको केटाकेटी बिहे गर्ने चलन थियो, ४० वर्षपछि पहिलो पटक २० वर्ष उमेर नपुगेकालाई बालविवाह भनिदो रहेछ, यो उमेरमा आएर बल्ल थाहा पाए ।'

त्यसो त दु :खीलाई आफ्नै विवाह भएको थाहा छैन । केटाकेटी छदै उनका बुवा सुनरले लहान ६ की रेवनीसँग जोडी बाधी दिए । उनले पनि ३ कक्षा पढ्दै गरेका बालक छोरा श्याम र विनोदको विवाह कर्म आफैले चलाईदिए । छोरी राम सुनैरको पनि बालखैमा विवाह गरिदिए । 'आफ्ना जातिका अरूका त कत्ति हो कत्तिको बालविवाह कर्म चलाए गनि साध्य छैन' उनले भने 'हाम्रो जातिमा बालविवाह गर्ने चलनै थियो, त्यही कर्मलाई निरन्तरता दिए ।'

दलित जनकल्याण युवाक्लवले जातीय पण्डित र माइन्जन (जातका मुख्य व्यक्ति) लाई भेला गरेर बालविवाह कानुनले वर्जित गरेको बारेमा पटक पटक प्रशिक्षण चलाएको थियो । त्यही प्रशिक्षणबाट बालविवाह गर्न नहुने काम

————*बाँकी ४ पेजमा*

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३–५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३–५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३–५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३–५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३–५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३–५६०२४६ |
| सव स्टेशन, लहान | ०३३–५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३–५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३–५६००१६ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३–५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३–५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३–५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३–५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३–५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३–५६०१२८ |
| दु.शा.अतिथि सदन, लहान | ०३३–५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३–५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३–५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३–५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३–५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३–५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३–५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३–५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३–५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३–५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३–५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३–५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३–५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३–५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३–५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३–५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३–५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३–५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३–५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३–५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३–५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३–५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३–५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान–७ | ०३३–५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान–१० | ९८४२८९०९६५ |

## नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

**१. नगरपालिकालाई बुझाउनु पर्ने सम्पत्ति कर, भूमि कर व्यवसाय कर समयमै बुझाऔं, २. जन्म, मृत्यु, विवाह, बसाइसराइ लगायतका व्यक्तिगत घटना सम्बन्धित घटना भएको मितिले ३५ दिनभित्रै आफ्नो वडा कार्यालयमा दर्ता गरौं, ३. नगरपालिकाभित्र व्यक्तिगत घर तथा उद्योगका भवन लगायतका संरचना निर्माण कार्य शुरु गर्नुअघि अनिवार्य रुपमा निर्माण इजाजत लिऔं, ४. भूकम्प प्रतिरोधात्मक घर निर्माण गरौं, ५. सडक अधिकार क्षेत्र, खोला, नाला, पैनीको साथै पाटी पौवा जस्ता सार्वजनिक स्थान मिचेर कुनै पनि संरचना निर्माण नगरौं । साथै सडक किनारामा व्यापार, व्यवसाय नगरौं, ६. अनुमति विना सडकमा निर्माण सामग्री लगायतका कुनै पनि व्यक्तिगत प्रयोजनका सामान नराखौं, ७. नगर क्षेत्रभित्र कुनै पनि व्यापार, व्यवसाय गर्दा नगरपालिकामा दर्ता गरेर मात्र गरौं, ८. बालबालिकाहरुलाई नजिकैको स्वास्थ्य संस्थामा लगि लगाउनु पर्ने सबै खोप तोकिएअनुसार नियमित लगाऔं र बालबालिकाहरुमा रोग प्रतिरोधात्मक क्षमता विकासमा सहयोग गरौं, ९. उमेर नपुगेका बालबालिकाहरुलाई श्रममा नलगाऔं, १०. विद्यालय जाने उमेर भएका सबै बालबालिकाहरुलाई अनिवार्य रुपमा विद्यालय पठाऔं, ११. छोरा र छोरीमा भेदभाव नगरौं, १२. महिला हिंसा न्यूनीकरणका लागि आ–आफ्नो ठाउँमा पहल गरौं, १३. जेष्ठ नागरिकको सम्मान गरौं, १४. आफ्नो घरबाट निस्किएको फोहरलाई जथाभावी नफालौं, १५. चौपायाहरुलाई छाडा नछोडौं, १६. होटल व्यवसायीहरुले बासी तथा सडेगलेका खानेकुरा नबेचौं । उभोक्ताको स्वास्थ्यमा ख्याल गरौं, १७. नगरपालिका भित्रका सिमसारहरुको संरक्षण र विकासमा सहयोग गरौं ।**

लहान नगरपालिका कार्यालय, सिरहा

कर्जन्हा नगरपालिका कार्यालय, सिरहा

मिर्चैया नगरपालिका कार्यालय, सिरहा

सुखिपुर नगरपालिका कार्यालय, सिरहा

कल्याणपुर नगरपालिका कार्यालय, सिरहा

धनगढीमाई नगरपालिका कार्यालय, सिरहा

गोलबजार नगरपालिका कार्यालय, सिरहा

सिरहा नगरपालिका कार्यालय, सिरहा

# ‘ओलीले गणतन्त्र समाप्त गर्न खोज्यो’ : उपेन्द्र यादव




जनता समाजवादी पार्टी (जसपा) का अध्यक्ष उपेन्द्र यादवले बर्तमान प्रधानमन्त्री एवं नेकपा अध्यक्ष केपी शर्मा ओली गणतन्त्र समाप्त गर्ने खेलमा लागेको आरोप लगाएका छन् । ओली यस्तो खेलमा लागेको सत्तारूढ नेपाल कम्युनिस्ट पार्टी (नेकपा)कै अर्को अध्यक्षले बताइसकेको उनले बताए ।

पार्टी निकट नेपाल बौद्धिक पेशाकर्मी महासंघद्वारा शनिबार जनकपुरधाममा आयोजना गरिएको ‘नेपालको बर्तमान राजनीति सन्दर्भ’ बिषयक अन्तरक्रियामा यादवले भने, ‘नेकपाकै अर्को अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ ले नै ओली गणतन्त्र समाप्त पार्ने खेलमा लागेको भनेर आफ्नो प्रतिवेदन पेश गर्नुभएको छ । यसले प्रधानमन्त्री ओली संघीयता र गणतन्त्र समाप्त पार्ने खेलमा लागेको देखिन्छ ।’

देशमा व्यवस्था परिवर्तन हुँदै गएपनि शासक वर्ग परिवर्तन हुन नसक्दा यस्ता समस्या आउने गरेको उनले बताए । ‘शाषकवर्ग परिवर्तनन नभएकै कारण हासिल भएका उपलब्धीहरु गुम्ने खतरा बढेको छ’ उनले भने, ‘बर्तमान सरकार नै देशलाई धरासाही बनाउन उदृत छन् ।’

कार्यक्रममा पार्टीका नेता शरतसिंह भण्डारीले आन्दोलनबाट प्राप्त उपलब्धीलाई व्यवस्थापन गर्न सबै दल चुकेको बताए ।

प्रदेशका मुख्यमन्त्री लालबाबु राउतले संघीय सरकारले पछिल्लो समय कानुनै बनाएर प्रदेश सरकारका अधिकारहरु कटौती गर्न थालेको बताए । संघ सरकारको संघीयता विरोधी गतिविधिलाई परास्त गर्न आफूहरु कानुनी लडाईं लड्दै आएको बताए ।

## बालविवाह...

गरेको बारे बल्ल थाहा पाए’ पुरोहित दु :खीले भने ‘अब म दुलहा दुलहीको जन्म दर्ता हेरेर उमेर पुगेको रहेछ भनेमात्र विवाह कर्म चलाउँछु, अन्यथा अब रोक्छु ।’

उनीहरूले बालविवाह गर्नुभन्दा छोराछोरी शिक्षा दिनुपर्छ भन्ने हतारो गर्नुपर्ने आफ्नो जातीय समुदायको घरघरमा गएर ‘बिहेबारी २० वर्षपारी’ लगायत कानुनी प्रावधानका बारेमा अभिभावकलाई सुझाउँने संकल्प गरे ।

समाज परिवर्तनमा जातीय पुरोहित र माइन्जनहरूको अभियानले कोसेढुंगा सावित गर्न सघाउ पुग्ने र उनीहरूको अभियानले ती जातीय समुदायम वर्षौदेखि जकडिएर रहेको बालविवाह अन्त्य हुनेमा सहयोग पुग्ने दलित अधिकारकर्मी एवं दलित जनकल्याण युवा क्लवका कार्यकारी निर्देशक विनोद बिसुन्केले बताए ।

बालविवाह अन्त्य अभियान सक्रिय भएका बालविवाह तथा दाईजो विरूद्ध जातीय पुरोहित र माइन्जन निगरानी समितिका संयोजक दुर्गाप्रसाद चौधरी भन्छन् ‘उमेर नपुगेका केटाकेटीको विहे कर्म चलाउूदैनौं, भोजभतेरमा खर्च गराउँदैनौं ।’

अधिकारकर्मी राज कुमार राउत कुर्मीका अनुसार विक्रम सम्वत १९१० को मुलुकी ऐनमा पनि विवाहका लागि कन्याको न्युनतम उमेर ५ वर्ष तोकिएको, २०२० को मुलुकी ऐनमा विवाह गर्न स्त्रीको १४ र पुरूषको १८ वर्षको उमेर तोकिएको थियो । तर, अहिले कानुनले विवाह उमेर २० वर्ष उमेर तोकिसकेपनि पुरानै मानसिकताका कारण बालविवाह रोकिन नसकेको कुर्मीले सुनाए ।

## शासनको...

अनुरुपका कार्य सम्पादन गर्न ती इकाईहरु आर्थिकरूपमा आत्मनिर्भर र स्रोत परिचालन र व्यवस्थापनमा सक्षम हुनुपर्ने भई स्थानीय तहको तपशिल अनुसार पुनर्संरचना भयो ।

मानव सभ्यता विकासको क्रममा मानव जाति राज्य सञ्चालनको प्रक्रियामा समावेश हुन थालेपछि अधिकार र दायित्वको बाँडफाँड बहस सुरू भएको हो । केन्द्रीकृत र विकेन्द्रीत राज्य पद्दतीको विषय नवीन होइन तर प्रजातान्त्रिक शासन पद्धतिको मौलिक मान्यता विकेन्द्रीकरण हो । केन्द्रमा रहेको शक्ति, अधिकार, दायित्व, साधन र स्रोत जति तल्लो निकाय तह र वर्गमा नि:सृत हुँदै जान्छ त्यति नै प्रजातान्त्रिक शासन व्यवस्थाले सार्थकता पाएको ठानिन्छ । सोअनुसार, सिंहदरबारको अधिकार गाउँ गाउँमा भन्ने भयो । सो क्रममा दिगो विकासको प्रक्रियालाई सबल बनाउन समाजमा रहेका कमजोर वर्गसम्म विकासको प्रतिफल पुग्न सकोस् भन्ने अभिप्रायले स्थानीय सरकारलाई समाज विकासको प्रमुख निकायको रुपमा प्रस्तुत गरियो ।

लोकतन्त्रको सफल प्रयोग आमजनताले अनुभूत गर्न सक्ने, सहभागी बन्न सक्ने, निर्णय निर्माण र निरुपणमा भूमिका खेल्ने सुशासन हुनसक्छ । सबै क्षेत्रका जनतालाई बढी अधिकार सम्पन्न र उत्तरदायी बनाउनुमा नै लोकतन्त्रको सार्थकता रहन्छ । आफ्नो राज्यको भाग्य निर्माण जनता आफैले गर्दछन् । मुलुकको चौतर्फी विकास, जनताको सक्रिय सहभागिता जुटाइ स्थानीय सरकारले विकासको लागि सुशासन सशक्त बनाउन सक्छ । लोकतन्त्रको मूल आधार स्थानीय सुशासन हो । स्थानीय सुशासनको भरमा केन्द्रीय शासनको कार्य बोझ कम हुन्छ । राष्ट्रिय विकासको आधार भूमि नै स्थानीय सुशासन हो ।

विश्वव्यापी रुपमा स्वीकृत आधारभूत मानव अधिकार, बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक प्रणाली, जनतामा निहित सार्वभौमसत्ता र जनताको सर्वोच्चता, संवैधानिक सन्तुलन र नियन्त्रण, कानुनको शासन, सामाजिक न्याय र समानता, स्वतन्त्र न्यापालिका, आवधिक निर्वाचन, नागरिक समाजको अनुगमन, पूर्ण प्रेस स्वतन्त्रता, जनताको सूचनाको अधिकार, राजनैतिक दलहरुको क्रियाकलापहरुमा पारदर्शिता र जबाफदेहिता, जनसहभागिता, निष्पक्ष, सक्षम तथा स्वच्छ प्रशासन तन्त्रका अवधारणाहरुको पूर्ण परिपालन गर्ने राजनैतिक प्रणाली अवलम्बन गरी भ्रष्टाचार र दण्डहीनता अन्त्य गर्दै सुशासन कायम गर्ने कार्य राज्यको दायित्व हुने व्यवस्था गरेको छ । यसरी सुशासन राज्यको दायित्वको रुपमा संविधानले नै अङ्गीकार गरेको अवस्था छ ।

नेपालको संविधान नेपाली जनताको सात दशकको अथक प्रयासबाट प्राप्त भएको हो । युगीन यो पलको अपेक्षा सहित नेपाली जनताले गरेको जनआन्दोलनको अभिलाषा र गरिमामयको सार्थकता नै शासन व्यक्तिको होइन विधिको हुनुपर्छ भन्ने लोकतान्त्रिक मान्यता हो । सार्वभौमसत्ता सम्पन्न नेपाली जनताले सामन्त, निरंकुश, केन्द्रीकृत र एकात्मक राज्य व्यवस्थाले सृजना गरेको सबै प्रकारका विभेद र उत्पीडन अन्त्य गर्ने, बहुभाषिक, बहु धार्मिक, बहु जातीय, बहुसंस्कुतिक तथा भौगोलिक विविधता युक्त विशेषतालाई आत्मसात् गरी ऐक्यबद्ध, सामाजिक, सहिष्णु, र सद्भावनालाई संरक्षण एवं प्रवर्द्धन गर्दै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका छुवाछुतको अन्त्य गरी समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तको आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गर्दै वर्तमान नेपालको संविधान जारी भएको पाइन्छ ।

संविधानले संघीय लोकतान्त्रिक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा गरेको छ । प्रतिस्पर्धात्मक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता तथा निष्पक्ष र सक्षम न्यायपालिका र कानुनी राज्यको अवधारणा सुनिश्चित गरेको छ । साथै लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवाद प्रति प्रतिबद्धता राखी समृद्ध राष्ट्र निर्माण गर्ने संकल्प गरेको छ । नेपाली जनताको यो संकल्प सहित जारी भएको संविधानबाट राजनैतिक स्थिरता र न्यायपूर्ण समाजको निर्माण हुनेछ । संविधान अनुसार सङ्घ, प्रदेश र स्थानीय गरी राज्यको तीन तहलाई संवैधानिक व्यवस्था गरिएको पाइन्छ । माथिको तालिकामा उल्लेख गरिएको ७५३ स्थानीय सरकारको देश निर्माणमा मुख्य भूमिका हुन्छ । जनताले प्रत्यक्ष सेवा लिने ठाँउ नै स्थानीय निकाय हो । यो सबल र प्रभावकारी हुनुपर्दछ । स्थानीय सरकारलाई सबल र प्रभावकारी बनाउन निर्वाचित पदाधिकारी एवम् त्यहाँ काम गर्ने कर्मचारीको अहम् भूमिका हुन्छ । स्थानीय सरकारमा काम गर्ने निजामती एवं अन्य कर्मचारीहरु स्वच्छ र सक्षम भएमा मात्र समृद्धि र सुशासन हुन्छ ।

देशको शासन व्यवस्था परिवर्तित भई सिंहदरवारको अधिकार स्थानीय निकायमा गएको प्रत्याभूति दिई सुशासन र सार्वजनिक सेवाको प्रभावकारिता प्रमाणित गर्ने वेला आएको छ । नेपाली जनताको अगाडि सुशासनको कसीमा स्थानीय सरकार रहेको छ । त्यसैले राष्ट्रनिर्माणमा स्थानीय सरकारको महत्त्वपूर्ण भूमिका छ । यसको लागि सेवा प्रदायकमा पारदर्शिता र चुस्तताप्रति प्रतिबद्धता नै मुख्य गहना हो । स्थानीय सरकार प्रत्यक्ष रुपमा सेवाग्राहीको सधैँ नै सार्वजनिकरूपमा कामकाज गर्ने निकाय हुन् । सेवा प्रदायकले सेवा दिँदा आफ्नो स्वार्थ नहेरी सेवा दिनु पर्दछ । अतः स्थानीय सरकार, जनताका लागि सेवा गर्न पारदर्शिता र चुस्ततामा प्रतिबद्धता भई जीवन्त रहनै पर्छ । यसपछि मात्र सुशासन भई समृद्ध नेपालको सृजना हुनेछ ।*प्रशासन अनलाइनबाट*

**भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।**

**-: जनहितका लागि :-**

हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
लहानपोस्ट् LAHANPOST DAILY

## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

**१. गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा, मालपोत दस्तुर, व्यवसाय कर आदि समयमा नै बुझाऔं । २. घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं । ३. सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं । ४. आफ्नो घर–आँगनबाट उत्पन्न फोहरलाई व्यवस्थित गरौं । ५. इजाजत पत्र लिएर मात्र व्यापार व्यवसायी गरौं तथा उपभोक्ता आचारसंहिता पालना गरौं । ६. बालबालिकालाई काममा हैन विद्यालय पठाऔं । ७. विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं । ८. कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं । ९. किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं ।**

बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा
नवराजपुर गाउँपालिका कार्यालय, सिरहा
लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा
सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा
अर्नमा गाउँपालिका कार्यालय, सिरहा
भगवानपुर गाउँपालिका कार्यालय, सिरहा
औरही गाउँपालिका कार्यालय, सिरहा
विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा
नरहा गाउँपालिका कार्यालय, सिरहा

लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)